**म.प.बै.सं. २२।०८२**

## संवत् २०८२ साल भदौ २ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक-निजी साझेदारी तथा लगानी (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ भदौ ३० देखि ३१ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने Resilient Supply Chains and Equitable Growth in a Changing World of Work कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठलाई थाइल्याण्ड भ्रमणका लागि स्वीकृति प्रदान गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ असोज ७ देखि ९ गतेसम्म इन्डोनेशियाको जकार्तामा आयोजना हुने Anti-Corruption Initiative for Asia and the Pacific 2025 Regional Conference मा सहभागी हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री नारायणप्रसाद शर्मा दुवाडीलाई स्वीकृति प्रदान गर्ने।

४. अर्थ मन्त्रालयः २०८२ कात्तिक १० देखि १४ गतेसम्म अरब गणतन्त्र ईजिप्टको शार्म अल शेखमा आयोजना हुने सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनको २५औं अन्तर्राष्ट्रिय महाधिवेशनमा महालेखापरीक्षक श्री तोयम राया नेतृत्वको टोलीलाई सहभागिता जनाउन स्वीकृति दिने।

५. अर्थ मन्त्रालयः कोटेश्वर इन्टरसेक्सन सुधार आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन चौतिस अर्ब उनन्पचास करोड (करिब तीस अर्ब आठ करोड रूपियाँ) सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने।

६. अर्थ मन्त्रालयः अन्तर्राष्ट्रिय मुद्रा कोषको Sixteenth General Review of Quota बाट सदस्य राष्ट्रहरूको Fund Quota मा ५० प्रतिशतले वृद्धि गरिने प्रस्तावमा सहमति प्रदान गर्ने र सो बापत नेपालले भुक्तानी गर्नुपर्ने थप करिब ७८.४५ मिलियन एसडिआर दायित्वको २५ प्रतिशत चालु आर्थिक वर्षको विनियोजित बजेटबाट र बाँकी ७५ प्रतिशत नेपाल राष्ट्र बैंकको नाममा प्रमिसरी नोट (अर्थपत्र) जारी गरी भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने।

७. अर्थ मन्त्रालयः लिज फाइनान्स सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

८. अर्थ मन्त्रालयः नेपाल सरकार र विश्व बैंकबिच हस्ताक्षर भएको समृद्धिका लागि वन परियोजनाको ऋण तथा अनुदान सहायतासम्बन्धी सम्झौताको संशोधन स्वीकृत गर्ने।

९. अर्थ मन्त्रालयः नेपाल बीमा प्राधिकरणका सञ्चालक समितिका अध्यक्ष श्री शरद ओझालाई नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदबाट पदमुक्त गर्ने।

१०. अर्थ मन्त्रालयः व्यवसायबाट व्यवसायलाई व्यावसायिक प्रयोजनको लागि तथा सर्वसाधारणबाट व्यवसायलाई गरिने सुन तथा सुनको गरगहनाको बिक्रीमा लाग्ने विलासिता शुल्कमा पूर्ण छुट प्रदान गर्ने; किसमिसलगायतका सुख्खा फल, ग्रेप जुस कन्सन्ट्रेट वा फ्रुट जुस कन्सन्ट्रेटबाट उत्पादन हुने वाइनमा लाग्ने अन्त शुल्कमा ३५ प्रतिशत छुट प्रदान गर्ने; कार्बोइहरू, बोतलहरू, फ्लास्कहरू र त्यस्तै सामानहरूको आन्तरिक उत्पादनहरूमा लाग्ने अन्तशुल्कमा पूर्ण रूपमा छुट प्रदान गर्ने एवं बाँसको मसला नहालेको सलाईको काँटी र अन्य मसला नहालेको सलाईको काँटीमा भन्सार महसुल दर बृद्धि गरी १५ प्रतिशत कायम गर्ने।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मानव अधिकार पुरस्कार कोष सञ्चालन (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

१२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः प्रशासकीय अदालतको अध्यक्षमा डा. टेक बहादुर घिमिरे, संखुवासभा तथा सदस्यमा अधिवक्ता श्री नवल किशोर यादव, वीरगन्ज र श्री आलोक चन्द्र श्रेष्ठ, बागलुङलाई नियुक्त गर्ने।

१३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः २०८२ भदौ २३ देखि २७ गतेसम्म युगाण्डाको कम्पालामा आयोजना हुने Asian-African Legal Consultative Organization (AALCO) को ६३औं Annual Session मा भाग लिन कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसियालाई स्वीकृति प्रदान गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१४. खानेपानी मन्त्रालयः खानेपानी मन्त्रालयअन्तर्गतको खानेपानी तथा सरसफाई सेवा महसुल निर्धारण आयोग र खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गत सञ्चालित विभिन्न आयोजनाहरूका लागि अधिकृतस्तरका जम्मा ७६ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१५. परराष्ट्र मन्त्रालयः Committee on the Elimination of Discrimination against Women (CEDAW) का सदस्य श्री बन्दना राणालाई सन् २०२८ डिसेम्बर अन्त्यसम्म म्याद रहने गरी कूटनीतिक राहदानी जारी गर्ने।

१६. परराष्ट्र मन्त्रालयः थाइल्याण्डको बैङ्ककमा २०८२ भदौ १७ र १८ गते आयोजना हुने विश्व वित्तीय संरचनासम्बन्धी एसिया सहयोग संवादको उच्चस्तरीय सम्मेलन र २० औं परराष्ट्र मन्त्रीस्तरीय बैठकमा भाग लिन माननीय परराष्ट्र मन्त्री डा. आरजु राणा देउवालाई स्वीकृति प्रदान गर्ने ।

१७. रक्षा मन्त्रालयः २०८२ असोज ७ देखि ९ गतेसम्म मलेसियाको क्वालालम्पुरमा सञ्चालन हुने 14th Indo-Pacific Armies Chiefs Conference (IPACC), 49th Indo-Pacific Armies Management Seminar (IPAMS) र 11th Senior Enlisted Leader Forum (SELF) मा नेपाली सेनाका उपरथी गणेश कुमार श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना सहायक रथीहरूको सरुवा गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी सुवाश के.सी.लाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सातजना महासेनानीहरूको सरुवा गर्ने।

२१. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका चारजना सहायक रथीहरूको सरुवा गर्ने।

२२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी नयाँ कानून तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

२३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः २०८२ भदौ २५ देखि २८ गतेसम्म रसियाको Saint-Petersburg मा आयोजना हुने Eleventh Saint Petersburg United Cultures Forum मा संस्कृति, पर्यटन तथा नागारिक उड्डयन मन्त्रालयका सचिव श्री हरिप्रसाद मैनालीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मेक्सिकोको सिताकुआरो सहरसँग भगिनी सम्बन्ध स्थापना गर्न धनकुटा नगरपालिकालाई पूर्वस्वीकृति प्रदान गर्ने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः २०८२ भदौ २२ गते हङकङमा आयोजना हुने ३१ औं विश्व आदिवासी दिवस कार्यक्रममा सहभागी हुन आदिवासी जनजाति आयोगका माननीय सदस्य श्री शरण राईलाई स्वीकृति प्रदान गर्ने।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः २०८२ भदौ ३१ देखि असोज ७ गतेसम्म संयुक्त राज्य अमेरिकाको ब्रुमफिल्ड सहरसँग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यक्रममा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने।

२७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः मालपोत (आठौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२९. युवा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय युवा नीति, २०८२ स्वीकृत गर्ने।

३०. वन तथा वातावरण मन्त्रालयः नेपाल सरकार र दक्षिण एसिया वन्यजन्तु कानून कार्यान्वयन सञ्जालबिच हस्ताक्षर हुने Headquarters Agreement between Government of Nepal and South Asia Wildlife Enforcement Network, 2025 स्वीकृत गर्ने।

३१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

**म.प.बै.सं. २३।०८२**

**संवत् २०८२ साल भदौ ९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. अर्थ मन्त्रालयः नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष नियुक्तिको लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव र विशेषज्ञ सदस्यमा डा. खोमराज खरेल, गुल्मी रहेको सिफारिस समिति गठन गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल सरकारबाट घोषणा भएका दुई वटा औद्योगिक ग्राम, सात वटा औद्योगिक क्षेत्र, दुई वटा विशेष आर्थिक क्षेत्र, एक वटा सुक्खा बन्दरगाह तथा दुई वटा पेट्रोलियम पाइपलाइन र निजी क्षेत्रबाट सञ्चालन हुने छ वटा केबलकार आयोजनाहरूलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने।

३. परराष्ट्र मन्त्रालयः मित्रराष्ट्र भियतनामका उपराष्ट्रपति H.E. Ms. Vo Thi Anh Xuan ले २०८२ भदौ ७ देखि ९ गतेसम्म गर्नुहुने नेपालको औपचारिक भ्रमणको समर्थन गर्ने। सो अवसरमा भियतनामसँग हुने द्विपक्षीय वार्तामा संलग्न नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवले गर्ने।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूहका महासेनानी विश्ववन्धु पहाडीलाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका चारजना उपरथीहरूको सरुवा गर्ने।

७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी भोलानाथ थापालाई सोही सेवाको उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूहका महासेनानी इन्दीवर गुरुङ्गको राजीनामा स्वीकृत गर्ने।

९. वन तथा वातावरण मन्त्रालयः २०८२ भदौ १६ देखि १८ गतेसम्म कोरियाको सियोलमा आयोजना हुने Signing of Agreement Between the Government of Nepal and the Global Growth Institute Regarding the Legal Status and Privileges and Immunities of the Global Green Growth Institute मा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिव डा.राजेन्द्र प्रसाद मिश्रलाई स्वीकृति प्रदान गर्ने।

१०. वन तथा वातावरण मन्त्रालयः २०८२ भदौ १० देखि १३ गतेसम्म फिजीमा आयोजना हुने 6$^{th}$ Forum of Ministers and Environment Authorities of Asia pacific (6$^{th}$ AP Forum) मा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री माननीय रुपा वि.क.लाई स्वीकृति प्रदान गर्ने।

११. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः २०८२ भदौ ३० देखि असोज ३ गतेसम्म अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) को Vianna International Center, Vienna मा आयोजना हुने 69$^{th}$ IAEA General Conference कार्यक्रममा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) श्री विश्ववावु पुडासैनीलाई स्वीकृति प्रदान गर्ने।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः गृह मन्त्रालयअन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

१३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा देहायबमोजिम गर्नेः

(क) सामाजिक सञ्जाल सञ्चालकलाई जिम्मेवार तथा जवाफदेही बनाउन सात दिनको म्याद दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरणको लागि सार्वजनिक रूपमा आह्वान गर्ने।

(ख) खण्ड (क) बमोजिमको अवधिमा सूचीकरण हुन नआउने वा सूचीकरणको लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाललाई क्रमशः नेपाल भित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने।

१४. नेपाल लेखापरीक्षण सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका नायब महालेखापरीक्षक श्री इन्द्र प्रसाद आचार्यलाई बढुवा गरी महालेखापरीक्षकको कार्यालयको उपमहालेखापरीक्षक पदमा पदस्थापन गर्ने।

१५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव श्री भरतमणी सुवेदीले आफ्नो पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने। उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै उहाँको सेवानिवृत्त जीवन सुखमय रहोस् भन्ने कामना गर्ने।

**म.प.बै.सं. २४।०८२**

## संवत् २०८२ साल भदौ १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ असोज १९ देखि २३ गतेसम्म दक्षिण अफ्रिकाको केप टाउनमा आयोजना हुने 25th FIGO World Congress of Gynecology and Obstetrics कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा. डा. राम पदारथ विच्छालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२. अर्थ मन्त्रालयः २०८२ असोज ८ देखि ९ गतेसम्म जापानको टोकियोमा आयोजना हुने The Fourteenth High-Level Tax Conference for Asian and Pacific Countries विषयक Conference मा सहभागिता जनाउन सचिव (राजस्व) श्री दिनेश कुमार घिमिरेलाई स्वीकृति दिने।

३. अर्थ मन्त्रालयः जनकपुर चुरोट कारखाना लिमिटेड, गोरखकाली रबर उद्योग लिमिटेड, उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड र नेपाल ओरियण्ड म्याग्नेसाइट प्रा.लि. गरी सात वटा प्रतिष्ठानको सरकारी लगानी व्यवस्थापनको कार्य सम्पन्न गर्न तीन महिना समय थप गर्ने।

४. अर्थ मन्त्रालयः अमेरिकाको वासिङटन डि.सि.मा २०८२ कात्तिक १७ देखि २१ गतेसम्म आयोजना हुने ICGFM 2025 International Conference मा सहभागी हुन महालेखा नियन्त्रक शोभाकान्त पौडेललाई स्वीकृति प्रदान गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः २०८२ भदौ २२ देखि २८ गतेसम्म मलेसियाको क्वालालम्पुरमा आयोजना हुने ICID's Mega Event, 4th World Irrigation Forum तथा 76th International Executive Council (IEC) को बैठकमा सहभागी हुन सचिव (जलस्रोत तथा सिँचाइ) श्री सरिता दवाडीलाई स्वीकृति प्रदान गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः राजस्व न्यायाधिकरण नेपालगञ्जको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका माननीय न्यायाधीश श्री मुनेन्द्रप्रसाद अवस्थीलाई तोक्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः विशेष अदालतको अध्यक्ष पदमा उच्च अदालत जनकपुरका माननीय न्यायाधीश श्री सुदर्शनदेव भट्ट तथा विशेष अदालतको सदस्य पदमा उच्च अदालत पाटन, हेटौंडा इजलासका माननीय न्यायाधीश श्री नारायणप्रसाद पौडेल, उच्च अदालत सुर्खेतका माननीय न्यायाधीश श्री हेमन्त रावल, उच्च अदालत सुर्खेत, जुम्ला इजलासका माननीय न्यायाधीश श्री डिल्लीरत्न श्रेष्ठ र उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका माननीय न्यायाधीश श्री उमेश कोइरालालाई तोक्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लागि आ.व. २०८२/८३ का लागि अधिकृतस्तरका ५८ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः श्रम अदालतको सदस्य पदमा अधिवक्ता श्री कुमारी खरेल, झापालाई नियुक्त गर्ने।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८२ भदौ २३ देखि २५ गतेसम्म भारतमा आयोजना हुने Dialogue Next कार्यक्रममा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मालाई स्वीकृति प्रदान गर्ने।

११. गृह मन्त्रालयः नेपालमा सञ्चालन हुने गैर नाफामुलक संघ संस्था (NPO) हरूको एकिकृत विवरण राख्ने प्रयोजनका लागि गृह मन्त्रालयले तयार गर्ने Non-Profit Organization (NPO) Public Portal लाई Application Programming Interface (API) मार्फत् राष्ट्रिय परिचयपत्रसँग आबद्धता प्रदान गर्न स्वीकृति दिने।

१२. गृह मन्त्रालयः प्रहरी अतिरिक्त महानिरीक्षक श्री चन्द्र कुबेर खापुङलाई २०८२ भदौ १९ गतेदेखि लागु हुने गरी नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने।

१३. परराष्ट्र मन्त्रालयः राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१४. परराष्ट्र मन्त्रालयः चीनको तियन्जिन शहरमा हुने साङ्घाई सहयोग संगठन (Shanghai Cooperation Organization-SCO) को २५औं शिखर सम्मेलन तथा चीनको बेइजिङ शहरमा हुने 80th Commemoration of the Victory of the Chinese People's War of Resistance Against Japanese Aggression and the World Anti-Fascist War विषयक कार्यक्रममा २०८२ भदौ १४ देखि १८ गतेसम्म सहभागी हुन सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उक्त भ्रमण स्वीकृत गर्ने।

१५. परराष्ट्र मन्त्रालयः Women Political Leaders (WPL) ले नेपाललाई प्रदान गर्ने WPL Country Award 2025 प्राप्त गर्न र मोन्टेनिग्रोमा आयोजना हुने उक्त अवार्ड वितरण कार्यक्रममा २०८२ असोज १२ देखि १४ गतेसम्म सहभागी हुन माननीय परराष्ट्र मन्त्री डा. आरजु राणा देउवालाई स्वीकृति प्रदान गर्ने।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः आर्थिक वर्ष २०८२/८३ का लागि गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम समेत १६ कार्यक्रमका लागि सतासी अधिकृतस्तरका पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः विर्ता उन्मूलन (नवौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

१८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी (दोस्रो संशोधन) आदेश, २०८२ स्वीकृत गर्ने।

१९. युवा तथा खेलकुद मन्त्रालयः युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतका राष्ट्रिय युवा परिषद्, फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति र राष्ट्रिय एन्टीडोपिङ ऐजेन्सीका लागि अधिकृतस्तरका एक्काइस अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२०. वन तथा वातावरण मन्त्रालयः नवदुर्गा भवानी देवी गुठीको १२ वर्षे जात्रा तथा छाप्रो निर्माणको लागि जम्मा १२३५।७४ क्यू.फि. काठ नवदुर्गा भवानी देबी गुठीलाई उपलब्ध गराउन स्वीकृति दिने र उक्त काठको हुन आउने राजश्व रोयल्टी रकम रु.१०,१९,४६९।०० मिनाहा गर्ने।

२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः २०८२ कात्तिक ११ देखि १३ गतेसम्म लण्डनमा आयोजना हुने Global Higher Education सम्बन्धी Resilience, Values, Innovation: Surviving and Thriving in a Volatile World विषयक सम्मेलनमा सचिव (शिक्षा) श्री चूडामणि पौडेललाई भाग लिन स्वीकृति दिने।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहेको पुरातत्व विभागमार्फत सञ्चालित भूकम्पपछिको पुनःनिर्माण कार्यक्रमको आ.व. २०८२/८३ का लागि अधिकृतस्तरका दश अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः २०८२ असोज १५ देखि १७ गतेसम्म फिलिपिन्समा आयोजना हुने 70th EROPA Executive Council Meeting and Conference मा सहभागी हुन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री रविलाल पन्थलाई स्वीकृति प्रदान गर्ने।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका नौ जना सहसचिवहरूको सरुवा गर्ने।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय समाचार समिति, नेपाल र सिन्हवा न्युज एजेन्सी, चीनबिच हस्ताक्षर हुने AGREEEMENT ON NEWS EXCHANGE AND COOPERATION BETWEEN XINHUA NEWS AGENCY OF THE PEOPLE'S REPUBLIC OF CHINA AND RASTRIYA SAMACHAR SAMITI (RSS) OF NEPAL विषयक समझदारीपत्र स्वीकृत गर्ने।

२६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः COSCAP South Asia Project को छैटौं चरणको कार्यक्रममा नेपालको सहभागिता सम्बन्धी COSCAP-SOUTH ASIA-PHASE VI (2024-2028) Programme Document स्वीकृत गर्ने।

२७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाल सरकार र साउदी अरेविया सरकारबिच हस्ताक्षर हुने Agreement on Workers Recruitment Between the Government of Nepal and the Government of the Kingdom of Saudi Arabia विषयक श्रम सम्झौता स्वीकृत गर्ने।

२८. वन तथा वातावरण मन्त्रालयः हाल कायम रहेको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज तथा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रलाई विभाजन गरी दुईवटा राष्ट्रिय निकुञ्ज र दुईवटा मध्यवर्ती क्षेत्र कायम गर्ने। डोल्पा जिल्लाको २७१२ वर्ग कि.मि. क्षेत्रफल हुने गरी शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज तथा डोल्पा जिल्लाको ११७२ वर्ग कि.मि. क्षेत्रफल हुने गरी शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको सिमा कायम गर्ने। मुगु जिल्लाको ८४३ कि.मि. क्षेत्रफल हुने गरी छाँयानाथ राष्ट्रिय निकुञ्ज र मुगु जिल्लाको १७७ कि.मि. क्षेत्रफल हुने गरी छाँयानाथ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको सिमा कायम हुने गरी नयाँ राष्ट्रिय निकुञ्ज घोषणा गर्ने।

२९. अर्थ मन्त्रालयः तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) स्वीकृत गर्ने।

३०. युवा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

३१. पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिकालगायत अन्य स्थान र बारा जिल्लासमेतमा हालै देखापरेको हैजा रोगबाट हुन गएको सङ्क्रमण एवं मानवीय क्षतिप्रति नेपाल सरकार गहिरो दुःख व्यक्त गर्दछ। उक्त सङ्क्रमण थप फैलिन नदिन तथा समयमै यसको रोकथाम र प्रभावितहरूको उपचारलाई प्राथमिकता दिई परिस्थिति गम्भीर हुन नदिन सम्बन्धित निकायहरूले हरसम्भव उपायहरू अवलम्बन गर्ने। यसको लागि हाल खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूका अलावा आवश्यकताअनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालबाट समेत थप चिकित्सक र स्वास्थ्यकर्मीहरू खटाई उपचार गराउने व्यवस्था सम्बद्ध मन्त्रालय/निकायसँग समन्वय गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

३२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) श्री सुरेश आचार्यले उमेर हदको कारणबाट मिति २०८२/५/१५ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

३३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशका प्रमुख सचिव डा. खगेन्द्र प्रसाद सुवेदीले उमेर हदको कारणबाट मिति २०८२/५/१८ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

**म.प.बै.सं. २५।०८२**

**संवत् २०८२ साल भदौ २३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः नेपाल कृषि सेवा, माटो विज्ञान समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका वरिष्ठ माटो विज्ञ डा. गंगादत्त आचार्यलाई राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्राविधिक) पदमा बढुवा गरी स्वैच्छिक अवकाश दिने।

२. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः नेपाल कृषि सेवा, कृषि प्रसार समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका वरिष्ठ कृषि प्रसार अधिकृत श्री राजेन्द्र कुमार मल्ललाई राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्राविधिक) पदमा बढुवा गरी स्वैच्छिक अवकाश दिने।

३. नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभागमा कार्यरत प्रहरी अतिरिक्त महानिरीक्षक श्री दानबहादुर कार्कीलाई काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीमा सरुवा गर्ने।

**म.प.बै.सं. २६।०८२**

**संवत् २०८२ साल भदौ ३० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. गृह मन्त्रालयः मिति २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिहरूलाई शहीद घोषणा गर्ने र सोको सूची प्रहरी प्रतिवेदन र सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट पुष्ट्याईसहित यकीन गरी गृह मन्त्रालयले प्रस्ताव पेश गर्ने।यसरी घोषणा भएका शहीदका परिवारलाई प्रति शहीद रु दश लाख रुपियाँ आर्थिक सहायता उपलब्ध गराउने।प्रदर्शनका क्रममा घाईते भएका व्यक्तिहरूको निःशुल्क उपचारको व्यवस्था गर्ने र सोको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

२. गृह मन्त्रालयः २०८२ भदौ २३ र २४ गते प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्ने। शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने। प्रदर्शनको क्रममा घाइते भएका व्यक्तिहरूको शीघ्र स्वाथ्यलाभको कामना गर्ने। प्रदर्शनको क्रममा ज्यान गुमाउने मृतकहरूको सम्मान स्वरुप २०८२ असोज १ गते राष्ट्रिय शोक मनाउने। उक्त दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दुतावास र नियोगहरूमा सार्वजनिक विदा दिने र राष्ट्रिय झण्डा आधा झुकाउने। प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिको परिवारलाई काजक्रिया खर्च, खाना खर्च र यातायात खर्च बापत यस पटकको लागि मात्र प्रति परिवार पाँच लाख रुपियाँ उपलब्ध गराउने। मृतकका परिवारका सदस्यहरूको आग्रहबमोजिम मृतकका शवहरू सम्बन्धित स्थानमा पुर्याउन निःशुल्क सवारी साधन एवं आवश्यकताअनुसार हेलिकोप्टरबाट व्यवस्थापन गर्ने। जेन-जी युवापुस्ताको नाममा काठमाडौंको उपयुक्त स्थानमा जेन-जी जागरण स्मारक पार्क निर्माण प्रक्रिया अघि बढाउने। प्रदर्शनका क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेश गर्न न्यायिक छानबिन आयोग गठन गर्ने।

३. गृह मन्त्रालयः सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

४. परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरूमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने।

५. महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजालले उमेर हदको कारणबाट मिति २०८२ असोज ५ गतेदेखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

६. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री डण्डुराज घिमिरेलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

७. राष्ट्रिय सभाको चालु अधिवेशन संवत् २०८२ साल भदौ ३१ गते मङ्गलबार राती १२:०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।